# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय
## सूचना तथा प्रकाशन शाखा

## राजपत्रांकित प्रथम श्रेणी, नेपाल कृषि सेवा, लाईभस्टोक पोल्ट्री एण्ड डेरी डेभलप्मेण्ट समूह, सहसचिव वा सो सरह पदको बढुवा तथा आन्तरिक प्रतियोगिताको विज्ञापन सूचना

**सूचना नं. ६००/०७६-७७**

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।९।८ को परमादेश अनुसार कृषि सेवा, ला.पो. एण्ड. डे.डे. समूह, सहसचिव वा सो सरह पदको देहायका संख्यामा बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ६८४/०७६-७७ | कृषि, ला.पो.एण्ड डे.डे. | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| २. | ६८५/०७६-७७ | कृषि, ला.पो.एण्ड डे.डे. | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ३. | १७३२८/०७६-७७ | कृषि, ला.पो.एण्ड डे.डे. | रा.प.प्रथम | आन्तरिक प्रतियोगिता | १ (एक) |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(च) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनुपर्नेछ साथै बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(छ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र निजामती सेवा नियमावली, २०५० को नियम ७४ (२) बमोजिमको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त गरी नियम ६९ बमोजिम २०७६ साल असार मसान्तसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ । निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ । निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनु पर्नेछ ।

(ज) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त मिति २०७७/०३/३० सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

(झ) दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय) बुझाउनु पर्नेछ ।

**आन्तरिक प्रतियोगितातर्फका उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको हुनुपर्नेछ तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ ।

(ख) विज्ञापन गरिएको पदसँग सम्बन्धित सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

(ग) तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् २०७७/३/१६ र दोब्बर दस्तुर तिरी २०७७/०३/२३ सम्म आवेदन दिनुपर्नेछ ।

(घ) दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय) बुझाउनु पर्नेछ ।

(ङ) अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर रकम Connect IPS प्रणाली मार्फत वा राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

(च) उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

(छ) लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

**www.psc.gov.np**